# थुलुङ दुधकोशी राजपत्र

**थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुद्वारा प्रकाशित**

**खण्डः ८, संख्याः १४, थुलुङ दुधकोशी गाउँपालिका, मितिः२०८१/१२/१२**


**भाग २**

थुलुङ दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु
नक्सा पास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको घर नक्सा अभिलेखिकरण सम्बन्धी
कार्यविधि-२०८१

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/१२*

प्रस्तावनाः नक्सा पास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको घर नक्सा अभिलेखिकरण सम्बन्धि मापदण्ड/कार्यविधि-२०८१ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२ तथा बस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धि मापदण्ड (पहिलो संशोधन) २०७२ को बुदा नं ८ बमोजिम यस गाउँपालिकाबाट घर नक्सा पास सम्बन्धि प्रक्रियामा नआएका, प्रक्रियामा आई संरचना हेरफेर भएका तथा गाउँपालिका हुनु पूर्व नै निर्माण भएका भवनहरुलाई नियमन गर्न घर नक्सा अभिलेखिकरणका लागि थुलुङ दुधकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१/१२/१२ को बैठकबाट यो मापदण्ड/कार्यविधि स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम “नक्सा पास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको घर नक्सा अभिलेखिकरण सम्बन्धि मापदण्ड/कार्यविधि-२०८१०” रहनेछ। यो कार्यविधि प्रमाणिकरण भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रशंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ”ऐन” भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४" भन्ने बुझाउँछ।

(ख) “मापदण्ड” भन्नाले शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड (पहिलो संशोधन), २०७२” भन्ने बुझाउँछ। यसले भवन सम्बन्धि अन्य मापदण्डहरु पनि बुझाउँछ।

(ग) “गाउँपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँ पालिका भन्ने बुझाउँछ।

(घ) “घर अभिलेखिकरण” भन्नाले ऐनको दफा ४२ तथा मापदण्डको बुदा ८ बमोजिमको प्रक्रियालाई बुझाउँछ। सो अनुसार घर नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको गाउँ पालिकामा अभिलेख राखे तथा नियमित गर्ने प्रक्रियालाई बुझाउँछ।

(ङ) "अभिलेखिकरण प्रयोजनको नक्सापास” भन्नाले घर नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको गाउँ पालिकामा अभिलेखिकरण गर्न आर्कटेक्चरल नक्सालाई प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरि प्रमाणपत्र प्रदान गर्ने भन्ने बुझाउँछ। यसले नक्सा पास भई निर्माण इजाजत दिइएको भन्ने बुझाउने छैन।

(च) “नक्सा पास” भन्नाले नयाँ बन्ने घरहरुको आर्कटेक्चरल तथा स्ट्रक्चरल नक्सा तथा डिजाइन सहित प्रमुख प्रशासकीय अधिकृतबाट नक्सा स्वीकृत गरी निर्माण इजाजत दिने प्रक्रियालाई जनाँउनेछ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउँछ।

(ज) “प्राविधिक" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाका तोकिएको प्राविधिक कर्मचारीहरुलाई बुझाउँछ।

(झ) “परामर्श दाता इञ्जिनियर” भन्नाले मापदण्डले तोके बमोजिमको यस गाउँपालिकामा दर्ता भएका निजि परामर्श दाता प्राविधिक भन्ने बुझाउँछ।

(ञ) “घर नक्सा दस्तुर" भन्नाले गाउँपालिकाले तोके बमोजिमको दस्तुर भन्ने बुझाउँछ।

३. **निवेदन दिनुपर्नेः** घर नक्सा पास तथा निर्माण इजाजत सम्बन्धि प्रकियामा नआई तथा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी निर्माण भइसकेको घरलाई नियमित गरी अभिलेखिकरण गरि पाउँ भनि घरधनीले अभिलेखिकरण प्रयोजनको नक्सा पास किताब, तोकिए बमोजिमका कागजातहरु, परामर्शदाता ईञ्जिनियरको प्राविधि प्रतिवेदन र घरको नक्सा सहित अनुसूची १ बमोजिमको निवेदन दिनु पर्नेछ। उक्त किताब तोकिएको दस्तुर तिरि गाउँपालिकाबाट प्राप्त गर्न सकिनेछ।

४. **सूचना जारी गर्नेः** गाउँपालिकाको घर नक्सा शाखाले बुँदा ३ बमोजिमको निवेदन रीत पूर्वकको भए नभएको जाँची दर्ता गर्ने र ऐनको दफा ३१ (क) बमोजिम १५ दिने सन्धि सर्पन बारेको संधियारलाई सूचना अनुसूची २ बमोजिम गाउँपालिकाले जारी गरी सम्बन्धित जग्गा धनीले संधियारहरुलाई बुझाई सूचना बुझेको भर्पाई तथा सूचना टाँस मुचुल्का अनुसूची ३ बमोजिम गराउनु पर्नेछ। संधियार स्वयम उपस्थित नभएमा निजको नजिकको हकदार, आफन्त वा नातेदार मार्फत सूचना बुझाउन सकिनेछ।

५. **सर्जमिन तथा प्राविधिक प्रतिवेदनः**

(क) बुँदा ४ को बमोजिमको सूचनामा कसैको उजुरी नपरेमा उक्त म्याद सकिएको ७ (सात) दिन भित्र गाउँपालिकाले अमिन खटाई अनुसूची ४ बमोजिमको सर्जमिन मुचुल्का उठाउनु पर्नेछ। उजुरी नपरेमा ऐन बमोजिम गर्नुपर्नेछ।

(ख) बुदाँ (क) अनुसार अमिन खटिई अनुसूची ४ बमोजिम सर्जमिन मुचुल्का उठाउँदा चार किल्लाका साधसंधियारहरु उपस्थित हुन नसकेमा, वडा कार्यालयले वडाध्यक्ष वा वडाध्यक्षले अख्तियारी दिएका वडासदस्यको रोहवरमा अन्य नजिकका संधियारहरुसँग बसि नियम अनुसार आवश्यक कारवाही अगाडि बढाउन सक्नेछ।

(ग) घर बनेको जग्गाको प्राविधिक प्रतिवेदन अनुसूची ५ बमोजिम तयार गर्ने।

६. **घरको फिल्ड निरिक्षण तथा प्राविधिक प्रतिवेदनः**

(क) घर नक्सा शाखाका प्राविधिकले सो घरको निरिक्षण गरी अनुसूची ६ बमोजिमको प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ख) पेश भएको नक्सा बमोजिम घर भए नभएको यकिन गरी नभएमा घरधनीलाई घर बमोजिम कै नक्सा सुधार गर्न लगाउनु पर्नेछ।

**७. घर नक्सा पास गरी अभिलेखिकरण प्रमाणपत्र प्रदान गर्नेः**

(क) सो घर सडक अधिकार तथा सेटब्याक भित्र नपरेको एवं धरको न्यूनतम मापदण्ड पुरा भएको भए तोकिए बमोजिमको घर नक्सा पास दस्तुर तथा जरिवाना लिई 'पहिले नै बनेको घरको अभिलेख एवं नियमनका लागि जारी गरिएको' भन्ने उल्लेख गरि र घरधनीलाबाट सो घरको मापदण्ड पालना सम्बन्धसँग स्वघोषणा गराई अभिलेखिकरण प्रयोजनको नक्सा पास गरि अनुसूची ७ बमोजिमको प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

(ख) सो घर सडक अधिकार तथा सेट ब्याक भित्र परेमा वा न्यूनतम मापदण्ड पूरा नभएको पाइएमा मापदण्ड भिव मात्र पर्ने भाग घर नक्सामा नै छुटयाई सो भागको मात्र घर नक्सा पास दस्तुर था जरिवाना लिई बाँकि भागलाई नक्सा प्रमाणित गर्न नमिल्ने (Non-Passable) भन्ने जनाई मापदण्ड भित्र नपरेको घरको भाग आवश्यक परेको अवस्थामा हटाउने मंजुरीनामा प्रमाण पत्रमा नै गराई पहिले नै बनेको घरको अभिलेख एवं नियमनका लागि जारी गरिएको' भन्ने उल्लेख गरि र घरधनीबाट सो घरको मापदण्ड पालना सम्बन्धमा स्वघोषणा गराई अभिलेखिकरण प्रयोजनको नक्सा पास गरी अनुसूची ८ बमोजिमको प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(ग) घर नक्सा प्रमाणित वा नक्सा पास सहितको अभिलेखिकरण आवश्यक पर्ने घरधनीहरु सबैले यही कार्यविधि बमोजिममात्र प्रमाणपत्र एवं घर अभिलेखिकरण प्रयोजनको नक्सा पास प्राप्त गर्न सक्नेछन। घर नक्सा आवश्यक नपरी घर अभिलेखिकरण प्रमाण पत्र मात्र आवश्यक पर्ने घर, अस्थाई प्रकृतिका घर तथा टहराहरुले नियमानुसार अनुसूची ८ बमोजिमको प्रमाणपत्र मात्र प्राप्त गर्न सक्नेछन।

**८. स्पष्टिकरणः**

(क) यस कार्यविधि अन्तर्गत प्रदान गरिएका घर अभिलेखिकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपवहरुले सो भवन घर नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको गाउँपालिकामा अभिलेख राखे तथा नियमित गर्ने प्रयोजनका लागि भएको भन्ने बुझाउने छ। यसले नक्सा पास भएको वा निर्माण इजाजत दिइएको भन्ने कुरा कुनै किसिममा बुझाउने छैन। नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरु वा स्वीकृत नक्सा भन्दा अलग किसिमले बनिसकेको घरहरु भएको कारणले सो घरहरुको कुनै भाग मापदण्ड भित्र नपरेको ठहरिन गएमा सो सम्बन्धमा कानून बमोजिम हुनेछ। त्यस उपर गाउँपालिकामा कुनै किसिमका उजुर बाजुर लाग्ने वा गाउँपालिकाले ती उजुरी सम्बन्धमा कुनै कारबाही गरिने छैन।

(ख) अब निर्माण हुने कुनै पनि घर तथा भवनहरु अनिवार्य रुपमा नक्सा पास गराएर र निर्माण इजाजत लिएर मात्र निर्माण गर्नुपर्नेछ, अन्यथा तोकिए बमोजिम जरिवाना लाग्ने तथा कानून बमोजिम कारवाही हुनेछ। स्वीकृत्त नक्सा विपरित घर निर्माण गरेमा समेत तोकिए बमोजिम जरिवाना लाग्ने तथा कानून बमोजिम कारबाही हुनेछ।

(ग) यस कार्यविधि अन्तर्गतको घर अभिलेखीकरण प्रक्रिया सम्बन्धमा कुनै गुनासो भए नियमानुसार उजुरी गर्न सकिनेछ, तत् सम्बन्धमा ऐन बमोजिम गरिनेछ। यस कार्यविधि अन्तर्गत प्रमाणपत्र लिँदा कुनै गलत जानकारी वा कागजात पेश गरेको ठहर भएमा सो अभिलेखिकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्र स्वतः खारेज हुनेछ।

**९. अवधि र बचाऊः**

(क) यो कार्यविधि अन्तर्गतको प्रक्रियामा आउन कार्यपालिकाले तोकेको अन्तिम मिति भित्र रित पूर्वकको निवेदन दर्ता भइसकेको हुनुपर्नेछ।

(ख) हालसम्म यस गाउँपालिकाबाट पहिले नै बनेका घर/पुराना घर (Existing Building) भनेर प्रदान गरिएका निर्माण सम्पन्न प्रमाणपत्रहरु, अभिलेखीकरण प्रमाणपत्रहरु तथा नक्सा प्रमाणित/घर अभिलेखिकरण प्रयोजनको नक्सा पास यसै कार्यविधि बमोजिम प्रदान गरिएको मानिनेछ।

## अनुसुची १

**<u>निवेदनको ढाँचा</u>**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
थुलुङ दुधकोशी गाउँपालिकाको कार्यालय,
मुक्ली, सोलुखुम्बु।

**<u>विषयः पुरानो घरको अभिलेखीकरण प्रयोजनको घर नक्सा पास बारे।</u>**

प्रस्तुत विषयमा मेरो/हाम्रो नाममा रहेको हाल मिक्लाजुङ गाउँपालिका वडा नं..................... को (साविक....................) कित्ता नं.................... र क्षेत्रफल....................भएको जग्गामा बनेको, जम्मा क्षेत्रफल (घरको) .................... वर्गफुट भएको....................तले आवासीय/व्यापारिक प्रयोजनको घर नक्सा पास प्रक्रियामा नआई/पास भएको नक्सामा फेरबदल भई पहिले नै निर्माण सम्पन्न भइसकेकोले नियमानुसार अभिलेखिकरण प्रयोजनको नक्सा पास सहितको प्रमाणपत्र प्रदान गरिदिनुहुन आवश्यक सबै कागजात सहित निवेदन गर्दछु/गर्दछौं।

निवेदकः
नामः....................
थुलुङ दुधकोशी गा.पा. वडा नं. ....................
सम्पर्क नं. ....................

## अनुसूची २

**संधियारको नाममा ७ दिने सूचना**

थुलुङ दुधकोशी गाउँपालिका वडा नं. .....................बस्ने श्री ..................... .....................को थुलुङ दुधकोशी गाउँपालिकाको वडा नं. .....................को साविक .....................वडा नं. ..................... कित्ता नं. .....................क्षेत्रफल.....................को

पूर्वः

पश्चिमः

उत्तरः

दक्षिणः

यति चार किल्ला भित्रको जग्गामा तपशीलमा उल्लेख भए बमोजिमको पहिले नै निर्माण भएको घरको घरनक्सा पास सहितको अभिलेखिकरण प्रमाण पत्र पाऊँ भनि मिति..................... मा निवेदन दिनुभएकोले सो बनेको घरको साँध संधिवार कोही कसैलाई पिरमर्का परेको भए आफूलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस गाउँपालिकाको कार्यालयमा उजुर बाजुर गर्नुहुन स्थानीय सरकार संचालन ऐन बमोजिम यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरी प्रति कुनै कारबाही गरिने छैन।

तपसिल

१) घरको संरचनाको किसिमः.....................

२) लम्बाईः.....................

३) चौडाईः.....................

४) भुँई तलाको क्षेत्रफलः.....................

५) उचाईः.....................

६) तला संख्याः.....................

घर नक्सा शाखा

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

### सूचना बुझाएको भर्पाई तथा टाँस मुचुल्का बारे

यस थुलुङ दुधकोशी गाउँपालिका वडा नं.........मा अवस्थित कित्ता नं................ र क्षेत्रफल.........मा भवन निर्माण गर्ने घरधनी श्री .......................................... ले भवन निर्माण भएको घरको अभिलेखिकरण गर्ने प्रयोजनको सिलसिलामा यस गाउँपालिकाको कार्यालयको च.नं.............. मिति............................ गरे प्रकाशित १५ दिने संधि सर्पन बारेको सूचना घरधनिले संधीयारलाई बुझाई एक प्रति सूचना हामीहरुको रोहवरमा निर्माण स्थलको सबंले देख्ने ठाउँमा टाँस गरेको ठीक हो ।

१. पूर्व सधियार श्री..................................................दस्तखत .............................
२. पश्चिम संधियार श्री..............................................दस्तखत...............................
३. उत्तर दस्तखत श्री ..............................................दस्तखत...............................
४. दक्षिण संधियार श्री .............................................दस्तखत..............................

सूचना संधियारको आफन्त वा नातेदारले बुझिलिएमाः

१. पूर्व सधियार श्री ..................................................दस्तखत...........................
२. पश्चिम संधियार श्री................................................दस्तखत...........................
३. उत्तर दस्तखत श्री ................................................दस्तखत...........................
४. दक्षिण संधियार श्री ...............................................दस्तखत...........................

घरधनीः

श्री .......................................... दस्तखत..........................................

उपर्युक्त सूचना संधियारहरुलाई बुझाई स्थलमा टाँस गरि वडाको जानकारीका लागी १ प्रति सूचना बुझिलिएको हो।

दस्तखतः

नामः

वडा सचिव

...........नं. वडा समितिको कार्यालय

वडाको छाप

मितिः..................साल............महिना.............गते

## अनुसूची ४

**<u>पहिले नै बनेको घरको अभिलेखीकरण प्रयोजनको नक्सा पास तया प्रमाणपत्र लिनका लागि सर्जमिन मुचुल्का</u>**

लिखितम्, यस थुलुङ दुधकोशी गाउँपालिका वडा नं...........बस्ने श्री .................................... को थुलुङ दुधकोशी गाउँपालिका वडा नं.......... साविका......................................... वडा नं.................को कित्ता नं............ क्षेत्रफल................................. को जग्गा पहिले नै बनेको घरको अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्रका निमित्त दरखास्त पेश हु आएकोमा सो घर बनेको जग्था तथा सो घरको अभिलेखीकरणको प्रयोजनको नक्सा पास तथा प्रमाणपत्रका लागि सन्धि सर्पन बारेको १५ दिने सूचना प्रकाशित गर्दा कोही कसैको उजुरी नपरेकोले सर्जिमिन मुचुल्का उठाउनुपर्ने भएकोमा सव घर बनेको जग्थाको साँध सँधियार, छर छिमेकीलाई एक स्थानमा भेला गराई खटिई आउनु भएका डोर मार्फत सोधनी हुँदा तत् सम्बन्धमा व्यहोरा यो छ कि उक्त घरजग्थामा कोही कसैको खिचोला नभएको, कोही कसैलाई सन्धीसर्पन, पिरमर्का नपर्ने देखिएको हुँदा सव पेश गरेको घर नक्सा पास सहितको अभिलेखीकरण गरि प्रमाणपत्र दिएमा ठीक छ, व्यहोरा ठीक साँचो हो भनी यस मुचुल्कामा सहीछाप गरी खटिई आउनुभएका डोर मार्फत थुलुङ दुधकोशी गाउँपालिकामा चढायौं ।

(सबैको नाम तथा हस्ताक्षर)

१. वडा नं............वस्ने बर्ष...............का श्री...........................................दस्तखत.......................
२. वडा नं............वस्ने बर्ष...............का श्री...........................................दस्तखत.......................
३. वडा नं............वस्ने बर्ष...............का श्री...........................................दस्तखत.......................

साँध सँधियार

पूर्व तर्फः वर्ष.........का श्री....................................................................दस्तखत......................
पश्चिम तर्फः वर्ष.........का श्री................................................................दस्तखत......................
उत्तर तर्फः वर्ष.........का श्री...................................................................दस्तखत......................
दक्षिण तर्फः.........का श्री........................................................................दस्तखत......................

साँध सँधियार उपस्थित नभएमा

पूर्व तर्फः वर्ष.........का श्री....................................................................दस्तखत......................
पश्चिम तर्फः वर्ष.........का श्री................................................................दस्तखत......................
उत्तर तर्फः वर्ष.........का श्री...................................................................दस्तखत......................
दक्षिण तर्फः वर्ष.........का श्री.................................................................दस्तखत.....................

सम्बन्धित घरधनी

वडा नं..........बस्ने वर्ष..........का श्री .................................................. दस्तखत.....................

रोहवर

वडा नं..........बस्ने वर्ष..........का श्री .................................................. दस्तखत ...................

काम तामेल गर्ने

थुलुङ दुधकोशी गाउँपालिकाका श्री...........................................................दस्तखत.......................

पद..........................................

इति सम्वत्.................साल.......................महिना......................गते रोज.............शुभम् ।

## अनुसूची ५

**प्राविधिक प्रतिवेदन**

यस थुलुङ दुधकोशी गाउँपालिका वडा नं........... मा अवस्थित कित्ता नं................ क्षेत्रफल .........................मा पहिले नै बनिसकेको घरको घरधनी श्री............................................ले घर अभिलेखीकरण प्रयोजनको नक्सापासका लागि पेश गरेको नक्सा सम्बन्धमा मितिः...............................मा स्थलगत निरीक्षण गरी देहाय बमोजिमको प्रतिवेदन पेश गरेको छु ।

१. भू-उपयोग क्षेत्रः.....................................

२. निर्माण भएको स्थल सम्मको पुग्ने बाटोको अवस्थाः

२.१ बाटोको किसिमः ☐ पिच ☐ ग्राबेल ☐ कच्ची ☐ अन्य

२.२ बाटोको चौडाई..............................

२.३ मापदण्ड अनुसारको सडक अधिकार क्षेत्र र साइट प्लान मेल खान्छ खादैन सो को विवरण.......................................................................................................

३. निर्माण भएको भवनले सार्वजानिक स्थल वा निर्माणलाई बाधा पुऱ्याएको छ ☐ छैन ☐

४. खोला/खहरे/नदि/ताल/कुलो आदि नजिक भए सो देखिः

४.१ भवन निर्माणको जग्गाको दुरीः......................................

४.२ बनेको भवनको बाहिरी भागसम्मको दुरीः...........................

५.निर्माण भएको जग्गा वा सो को नजिकबाट हाइटेन्स लाइन गएको छ ☐ छैन ☐

छ भनेः

५.१ निर्माण भएको जग्गा सम्मको दुरीः.......................

५.२ बनेको भवनको बाहिरी भाग सम्मको दुरीः............

६.नापी नक्सा र फिल्डको आकार प्रकारः मिल्छ ☐ मिल्दैन ☐

७. लाल पुर्जा भन्दा फिल्डमा जग्गा ठीक ☐ बढी ☐ घटी ☐ देखिन्छ।

८. प्राविधिक अन्य कुरा भए खुलाएने (भिरालो जग्गा,भौगर्भिक धाँजा आदि)

प्रतिवेदन पेश गर्ने प्राविधिकको नामः.........................................................

पदः...........................................

सहिः.........................................

मितिः.......................................

फिल्ड नक्साः.............................

# अनुसूची ६

## फिल्ड प्रतिवेदन

**विषयः अभिलेखीकरण प्रयोजनको घर नक्सा पासका लागि निवेदन आएको घरको घर नक्सा शादाको फिल्ड प्रतिवेदन।**

यस थुलुङ दुधकोशी गाउँपालिका वडा नं.........बस्ने श्री............................................................ले निजको नाममा रहेको साविक.........................................हाल यस गाउँपालिका वडा नं..............को कित्ता नं.................तथा क्षेत्रफल ......................... भएको जग्गा बनेका....................... तले घरको यस गाउँपालिकाबाट नक्सा पास प्रक्रियामा नआई पहिले नै निर्माण सम्पन्न भएको भनि निजले मितिः.............................मा दर्ता नं............... मार्फत निवेदन दिनु भएकोमा मैले मितिः.............................मा घरको प्राविधिक चेक जाँच गर्दा निम्न बमोजिम पाईएको प्रतिवेदन पेश गर्दछु।

१. सडक अधिकार क्षेत्रको चौडाईः.............................................

२. छोड्नु पर्ने सेट ब्याकः......................................................

३. सडक अधिकार पालनाः भएको नभएको

४. सेटब्याकःपुगेको नपुगेको

५. घरको स्ट्रक्चरल सिस्टमः फ्रेम ☐ लोड बियरिङ ☐ अन्य (खुलाउने) ☐ ..................

६. क्षेत्रफलः

भुइँ तला..................................

पहिलो तला...............................

दोश्रो तला...............................

तेस्रो तला................................

जम्मा क्षेत्रफल.........................

७. पेश भएको नक्सा बमोजिम भएको ☐ नभएको ☐

८. भवन सम्बन्धि न्यूनतम मापदण्डहरु पालना भएको ☐ नभएको ☐

९. अन्य केही भए खुलाउनेः........................................................................................................

प्रतिवेदन पेश गर्नकोः

नामः......................................................

पदः.....................................................

सहीः.....................................................

मितिः....................................................

## अनुसूची ७

**अभिलेखीकरण प्रमाणपत्र**

पक्की घर अभिलेखीकरण निस्सा

श्रीमान/श्रीमती/सुश्री.......................................

ठेगानाःथुलुङ दुधकोशी गाउँपालिका वडा नं...........

महाशय,

१. तपाईले साविक.................................गा.वि.स हाल थुलुङ दुधकोशी गाउँपालिका वडा नं................को कित्ता नं..................क्षेत्रफल.................................बराबरको ...................तले निम्न विवरण बमोजिमको पक्की संरचना निर्माण कार्य गाउँपालिका स्थापना हुनुपूर्व मिति.................................... मा सम्पन्न गर्नु भएकोले यस गाउँपालिकामा तपाईको सम्पन्न संरचनाको अभिलेख खडा गरी यो अभिलेखीकरण निस्सा दिईएको छ।

२. सम्बन्धित घर तथा जग्गाधनीको नाम, थर र वतनः.................................................................

३. जग्गाको विवरण

साविक....................................गा.वि.स. वडा नं............हाल थुलुङ दुधकोशी गाउँपालिका वडा नं..............टोल.....................................कित्ता नं...............................क्षेत्रफल....................

४. जग्गाको चार किल्लाः

पूर्वमा ...................................फिट, आफ्नो जग्गापछि कित्ता नं...............................संधियारको नाम....................................................................

पश्चिममा................................फिट, आफ्नो जग्गापछि कित्ता नं.................................संधियारको नाम.....................................................................

उत्तरमा................................फिट,आफ्नो जग्गापछि कित्ता नं...................................संधियारको नाम..................................................................

दक्षिणमा ..............................फिट,आफ्नो जग्गापछि कित्ता नं..................................संधियारको नाम..................................................................

५. निर्माण सम्पन्न भएको ......................तले घरको विवरणः

**आज्ञाले**

**प्रसन्नदीप राई**

**प्रमुख प्रशासकीय अधिकृत**